# स्वर्गमा
# जानको लागि . . .

## ...तपाईलाई
## फेरि जन्मनु पर्छ ।

*'मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान'(युहन्ना ३:७)*

हामी बसेको संसार दिन प्रतिदिन अझ बढी पतीत भइरहेछ। आतंककारीहरुको डरले समाचारका अग्रपंतिहरु नियन्त्रित छन् । किशोर, किशोरीहरुले आफ्ना कक्षाका साथीहरु र समकक्षीहरुको हत्या गरि रहेका छन् । अर्काको भलाई सोच्नु कमजोरीको संकेत मान्न थालिएको छ । अविवाहित दम्पतिहरु र अनावश्यक बच्चाहरुले हरेकका हत्केलाहरु भरिएका छन् । गर्भपतका क्लिनिकहरु बढिरहेका छन् । नैतिकता द्रुतगतिमा घटिरहेको छ जवकि अरुलाई वेवास्ता गर्ने क्रम बढिरहेको छ ।

यस्तो भयावह अवस्थामा, येशुका बचनहरु प्रष्ट् र ठूलो स्वरमा गुञ्जिरन्छन्, 'मैलै तिमीलाई नयाँ गरि जन्मनुपर्छ भन्दा अचम्म नमान ।' अर्को शब्दमा, आश्चर्य नहोऊ, जव म तिमीलाई भन्छु कि तिमीले फेरि जन्मनु छ । तपाईलाई थाहाँ छ प्रभुको चमत्कारी शक्तिले पनि गिर्दो पाप र त्यसको प्रभावलाई रोक्न सक्दैन । प्रभुले पापको राज्यलाई ध्वस्त गर्ने विचार गर्नुभएको छ । त्यस कारण मुक्तिदाताका बचनहरु निर्दिष्ट र लक्षित छन् । तपाइलाई फेरि जन्मनु पर्छ । येशु तपाईलाई पापका बन्दनहरुबाट मुक्त गर्न चाहनुहुन्छ र उहाँ तपाईलाई नयाँ स्वतन्त्रता

को जीवन दिन चाहनुहुन्छ । तपाई परमेश्वरको राज्यमा फेरी जन्मेको र नयाँ प्राणी बनेको उहाँ हेर्न चाहनुहुन्छ । 'यसकारण कोही ख्रिष्टमा छ भने त्यो नयाँ सृष्टि हो, पुरानो वितिगएको छ, नयाँ आएको छ।' २ कोरन्थी ५:१७। मेरो साथी, तपाईले जतिसुकै पाप गर्नु भएको र ईश्वरको विरुद्ध जानु भएको भएता पनि, उहाँले तपाईलाई भर्खर जन्मेको बच्चा जस्तै सफा र निर्दोष बनाइदिनु हुन्छ। यदि तपाईले सहि पश्चाताप गरि उहाँलाई खोज्नुभयो भने ।

आजभोलि धेरै मानिसहरुको दिमागमा एउटा चर्चित विश्वास छाएको छ । त्यो विश्वास भनेको प्रभुलाई प्रसन्न पार्नु छ भने प्रभुलाई विश्वास गर, चर्च जाऊ र आफुले सकेजति राम्रो गर । तर प्रिय मित्र, यो शैतानले फैलाएको झुठो आस्वासन हो । युहन्ना ३:३ मा येशु भन्नुहुन्छ, 'साच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरि जन्मेन भने उसले परमेश्वको राज्य देख्न सक्दैन ।' 'यदि तपाई पर मेश्वरलाई विश्वास गर्नुहुन्छ भने उहाँ जे भन्नु हुन्छ तपाई त्यो गर्न तयार हुनुहुनेछ । तपाईले आफ्नो पापको लागि परमेश्वरको क्षमा प्राप्त गर्नुपर्छ र सम्पुर्ण पापलाई त्यागी येशुमा नयाँ जीवन जीउनु पर्छ - *पाप रहित एक पवित्र जीवन ।*

आज यी शब्दहरुलाई विचार गर्नुहोस् । यी शब्दहरु प्रेमले ओतप्रोत भएर दिइएको हो न कि घृणाले । 'किनकी परमेश्वरले संसारलाई दोषी

ठहराउन भनि पुत्रलाई संसारमा पठाउनु भएन, तर संसार उहाँद्धारा बाँचोस् भनेर पठाउनु भयो ।' (युहन्ना ३:१७)आज्ञाकारी र इमान्दारी भएर जो येशुको सामुन्ने आउँछ, उसलाई येशुले उद्धार गर्नुहुन्छ । उहाँ तपाईलाई नर्क जानबाट बचाउन र उद्धार गर्न तत्पर हुनुहुन्छ ।

कृपया आफ्नो आत्माको जाँच आजै गर्नुहोस् । यदि तपाईलाई उद्धार गरिएको छैन भने तुरुन्त परमेश्वरको नाममा सर्म्पक गर्नुहोस् अन्यथा धेरै ढिलो भइसकेको हुनेछ। सम्पूर्ण पापलाई स्वीकार गरी त्यसलाई त्याग्नु होस् र तपाईलाई प्रभुले बचाउनु हुन्छ । तपाईलाई फेरि *जन्मनु* छ ।

***-डेल हेटन***

# Contact:

Church of God
P.O. Box 19087
Phone No.(977) 975-100-9013
Maijubahal, Chabahil, KTM, Nepal
E-mail : churchofgodnepal@gmail.com
*www.churchofgod.net*